# उच्च अदालत

## सुर्खेत

### उच्च अदालत सुर्खेतबाट जारी गरिएको सेवा संकुचन सम्बन्धी सूचना

प्रस्तुत विषयमा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भ्यारिएन्ट सहितको कोभिड-१९ को संक्रमण हालका दिनमा सुर्खेत जिल्लामा तिव्र रुपमा बढिरहेको अवस्थालाई दृष्टिगत गरी संक्रमण फैलावटलाई रोकथाम र नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालय सुर्खेतबाट मिति २०७८/०१/१४ गते राती १२.०० बजेदेखि लागु हुने गरी २०७८/०१/२१ गते राती १२.०० बजेसम्मका लागि सुर्खेत जिल्ला भर निषेधाज्ञा जारी गरिएको सन्दर्भमा सर्वसाधारणको आवागमनमा असहजता भै अदालतको कामकारबाहीहरु समेत प्रभावित हुने भएकाले यस अदालतको मिति २०७८/०१/१४ गतेको पूर्ण वैठकको निर्णय बमोजिम **बन्दीप्रत्यक्षीकरण, कोभिड-१९ सँग सम्बन्धित रिट निवेदन, पक्राउ पूर्जी जारी, जरुरी पक्राउ पूर्जी समर्थन, अभियोग पत्र दर्ता, बयान, थुनछेक आदेश र म्याद थप** बाहेक अदालतबाट प्रवाह हुँदै आएका अन्य सेवाहरु निषेधाज्ञा अवधिभरका लागि स्थगन हुने व्यहोराको सूचना यस अदालतबाट मिति २०७८/०१/१४ गते जारी गरिएकोमा जिल्ला प्रशासन कार्यालय सुर्खेतबाट मिति २०७८/०१/२१ गते राती १२.०० बजे देखि लागु हुने गरी मिति २०७८/०१/३१ गते राती १२.०० बजे सम्मका लागि निषेधाज्ञाको अवधि पुनः थप गरिएको हुँदा यस अदालतबाट प्रवाह हुने माथि उल्लेखित सेवाहरु बाहेक अन्य सेवाहरु उक्त निषेधाज्ञा अवधिभरका लागि स्थगन गरिएको व्यहोरा यस अदालतको मिति २०७८/०१/२१ गते बसेको पूर्ण वैठकको निर्णयानुसार सर्वसाधारण लगायत सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

२०७८/०१/२१

शाखा अधिकृत

मितिः-२०७८/०१/२१

**पुनश्चः- यस अदालतको काम कारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा, रिट तथा निवेदनहरुमा रहेका हदम्याद, म्याद, तारेख नगुज्रने व्यहोरा जानकारी गराइन्छ।**

फोन नं. ०८३-५२०७६२,०८३-५२०२५८, फ्याक्स नं. ०८३-५२०७६२ Email: info.hcsurkhet@supremecourt.gov.np